जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुराखुर्द, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# नागरिक सहयता कक्ष संचालन सम्बन्धि सिलबन्दी दरभाउ पत्रको सूचना

पहिलो पटक प्रकाशित मिति : २०७९/०५/३०

१. जानकी गाउँपालिकाले परामर्श सेवा अन्तर्गत नागरिक सहयता कक्ष संचालन कार्यक्रमका लागि योग्य परामर्शदाता चयन गरि नागरिक सहयता कक्ष संचालन गर्नु पर्ने भएकोले शिलवन्दि प्राविधिक तया आर्थिक प्रस्ताव आह्वान गरिएको छ ।

२. कार्यक्रम संचालन हुने स्थानः जानकी गा. पा. को वडा नं. १ देखि ६ सम्म र कार्यपालिकाको कार्यालयमा समेत सञ्चालन गरिने ।

३. जानकी गा.पा. को एन. आई. सि. एसिया वैंकमा रहेको जानकी गा.पा. को आन्तरिक राजश्व खाता नं. १११२०५००२८६६७००२ मा रु. १००० जम्मा गरेको सक्कल भौचर पेश गरे पछि जानकी गा.पा. को कार्यालयवाट प्रस्ताव पत्र लिन सकिने छ ।

४. दरभाउ पत्रका साथ जमानत वापतको रु.४५००० (अक्षरुपी पैचालिस हजार मात्र) रकमको NIC Asia Bank को धरौटी खाता नं. B१४१४९८३२१५२४००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम वरावरको धरौटी रकम कम्तिमा ७५ दिन सम्म म्याद भएको 'क' श्रेणीको वाणिज्य वैंकको जमानीपत्र (विड वन्ड) संलग्न राखी पेश गर्नु पर्नेछ । सिलवन्दी वोलपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

५. प्रस्तावदाताहरुको छनौट गुणस्तर र लागत विधिका आधारमा हुनेछ । सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ तथा जानकी गा.पा. बाट स्वीकृत मापदण्डका आधारमा प्रकृया पुरा गरी परामर्शदाता छनौट गरिनेछ ।

६. प्रस्तावदाता संस्थाले प्रस्तावका साथमा अद्यावधिक नविकरण भएको संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नं दर्ता प्रमाणपत्र तथा आ व २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिहरु संलग्न गर्नु पर्ने छ ।

७. प्रस्ताव पत्र २०७९/०६/१३ गते कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

८. प्रस्तावहरु पेश गर्दा प्राविधिक र आर्थिक प्रस्तावलाई छुट्टाछुट्टै खाममा शिलवन्दि गरि स्पष्टसँग अनिवार्य रुपमा कुन प्रस्ताव हो सो कुरा उल्लेख गर्नु पर्नेछ ति छुट्टाछुट्टै सिलवन्दि प्रस्तावहरुलाई एउटै खाममा राखि शिलवन्दि गरि कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. प्रस्तावपत्र यस कार्यालयमा २०७९/०६।१३ गते दिउसो १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्नेछ । सो प्रस्तावपत्र सोही दिनको २:०० बजे जानकी गा.पा. को कार्यालयमा कर्मचारी तथा संस्थाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि प्रस्तावपत्र खोल्न बाधा पर्ने छैन।रितपूर्वक दर्ता नभएका प्रस्तावपत्रहरु मुल्याङ्कन प्रयोजनका लागि अयोग्य हुनेछन ।

१०. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोहि समय अनुसार हुनेछ ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुराखुर्द, बाँके
लुम्बिनी प्रदेश, नेपाल

११. यो कार्यक्रम बहुवर्षिय प्रकृतिको हुनेछ। कार्यपालिकाको निर्णय अनुसार आगामी वर्षहरुमा बजेट तथा कार्यक्रमहरुको निरन्तरता दिई लागत अनुमानमा समेत हेरफेर हुन सक्ने छ ।

१२. आर्थिक र प्राविधिक प्रस्ताव नउड्ने मसिले लेखेको वा प्रिन्ट गरेको हुनुपर्नेछ । प्रस्तावमा कुनै दोहोरो लेखन वा केरमेट गरिनु हुदैन । एक पटक लेखेको कुरा सच्याउनु परेमा सच्याइएको ठाउँमा आधिकारिक सही र छाप लागेको हुनु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१३. पेश भएका प्रस्तावहरु स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने तथा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१४. यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. अन्य थप जानकारीको लागि जानकी गा.पा. मा सम्पर्क राखी जानकारी लिन सकिने छ।

सिंहराज डाँगी
प्रमुख प्रशासकीय अधिकृत